प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

प्रदेश नं. ३, हेटौंडा, मकवानपुर

## डिप बोरिङ्ग निर्माण कार्यका लागी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६/०९/२७

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडाको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिंचित क्षेत्र बिस्तारका लागि डिप बोरिङ्ग निर्माण तथा सञ्चालन कार्यविधि, २०७६ अनुसार डिप बोरिङ्ग निर्माण कार्यका लागी इच्छुक यस प्रदेशका चितवन, मकवानपुर, सिन्धुली र काठमाण्डौ उपत्यका भित्रका कृषक समुह, कृषि सहकारी संस्था, कृषि फार्म, कृषि उद्यमी, स्थानीय उपभोक्ता समितिले यो सूचना प्रकाशित भएको ३०औं दिनसम्ममा कार्यालय समय भित्र निर्देशनालयमा आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

(१) १०।- को हुलाक टिकट टाँस गरेको निवेदन,

(२) अनुसुची २ वमोजिमको बिवरण तथा सो विवरणको पुस्ट्याँई गर्ने कागजातहरु

(३) उपभोक्ता समितीको हकमा पदिधिकारीहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

(४) संस्थाको हकमा स्थायि लेखा नम्बर (PAN) तथा गत आ.ब. को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिप,

(५) प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिबद्धतापत्र,

(६) प्रदेश लेखा नियन्त्रणा कार्यालय, हेटौंडाको राष्टिय बाणिज्य बैङ्कमा रहेको धरौटी खाता नं. १३००५०२००००००, निर्देशनालयको ३०५०१३२०१३ मा प्रती हेक्टर रु. १०००/- का दरले रकम जम्मा गरेको संक्कल भौचर एक प्रति

(७) समुह वा संस्थाको हकमा समितिको बैठकले कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि।

थप जानकारीका लागी कृषि विकास निर्देशनालय, प्रदेश नं. ३ , हेटौंडा फोन न ०५७५२०४६६ बा डिप बोरिङ्ग निर्माण तथा सञ्चालन कार्यविधि, २०७६ निर्देशनालयको **website: doad.p3.gov.np** मा हेर्न सकिने छ।

Scanned by CamScanner